# सिभिल बैंक लिमिटेडका सम्पूर्ण खातावाला ग्राहकहरुलाई अत्यन्त जरुरी सूचना

यस बैंकले विभिन्न समयमा ग्राहक पहिचान (Know Your Customer) सम्बन्धी विवरण अद्यावधिक गर्नका लागि सूचना प्रवाह गरेकोमा कतिपय ग्राहकहरुले आफ्नो खातामा उक्त विवरण हालसम्म पनि अद्यावधिक भएको नदेखिएको हुनाले र सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण नियमावली, २०६६ तथा श्री नेपाल राष्ट्र बैंकको इ.प्रा. निर्देशन नं. १९/०७२ बुँदा नं. ११ बमोजिम बैंकको खातावाला ग्राहकहरुको ग्राहक पहिचान विवरण (KYC) अनिर्वाय रुपमा अद्यावधिक गर्नुपर्ने हुनाले खातावाला ग्राहक महानुभावहरु तथा खाता संचालकहरु समेतले आफूले संचालन गरिरहेको खाता रहेको सम्बन्धित शाखा वा आफूलाई पायक पर्ने शाखामा यथाशिघ्र सर्म्पक राखी बैंकद्वारा तोकिएको नयाँ फारम भरी आफ्नो विवरण अद्यावधिक गरिदिन हुन बिनम्र अनुरोध गर्दछौ ।

ग्राहक पहिचान विवरण अद्यावधिक गर्नको लागि तल उल्लिखित कागजातहरु पेश गर्नु हुन सादर अनुरोध गर्दछौ ।

१. खातावाला र खाता संचालकहरुको हालसालै खिचेको पासपोर्ट साईजको फोटो ।

२. खातावाला र खाता संचालकहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।

३. हाल बसोबास गरिरहेको ठेगाना प्रमाणित हुने कुनै एक कागजात (जस्तैः जग्गाधनी प्रमाणपत्र, पानी वा बिजुलीको महशुल रसिदको प्रतिलिपी) आदि ।

४. परिचय पत्रको प्रतिलिपी ।

५. भारतीय नागरिकको हकमा राहदानी वा भारतीय राजदूतावासबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपी ।

६. शरणार्थीको हकमा नेपाल सरकारद्वारा जारी परिचय पत्रको प्रतिलिपी ।

७. विदेशी नागरिकको हकमा भिसा बहाल रहेको राहदानीको प्रमाणित प्रतिलिपी ।

८. संस्थाहरुको हकमा सम्पूर्ण संचालकहरु/खाता सञ्चालन कर्ताहरुको माथि उल्लिखित कागजातहरु ।

**पुनश्चः**

१) विवरण अद्यावधिक नभएका खाताहरुको कारोबार रोक्का गरीसकिएको तथा विवरणहरु अद्यावधिक हुने बितिकै कारोबार फुकुवा गरिने तथा शुन्य मौज्दात रही विगत एक बर्ष देखि कारोवार नभई विवरणहरु समेत अद्यावधिक नभएका खाताहरु बन्द गरिने हुँदा समयमा नै सम्पूर्ण विवरणहरु उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौ ।

२) विवरण अद्यावधिक गर्नु हुने खातावाला महानुभावहरुले तत् पश्चात् विवरणमा कुनै परिवर्तन भएको भए सो परिवर्तित विवरण मात्र प्रदान गरि दिन हुन अनुरोध गर्दछौ ।

३) उपर्युक्त प्रयोजनको लागि आवश्यक अन्य जानकारी तथा भर्नुपर्ने 'ग्राहक पहिचान विवरण फारम' बैंकको नजिकको शाखा कार्यालयहरु वा वेबसाइट www.civilbank.com.np बाट प्राप्त गर्न सक्नु हुनेछ ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Thinking forward Moving forward
Class "A" Institution Licensed by Nepal Rastra Bank
www.civilbank.com.np, SWIFT: CIVLNPKA

**Civil Bank Limited, Classic Complex, Kamaladi, Kathmandu - 31, P.O.Box: 9799,**
**Phone number: 4169030/31, Fax No. 4169038**
**Email: info@civilbank.com.np**
**Web site: www.civilbank.com.np**